जिरी नगरपालिका

# स्थानीय राजपत्र

जिरी नगर कार्यपालिकाबाट प्रकाशित

खण्डः २ | संख्या ७ | २०७५ साल असार २८ गते


## भाग-१

## जिरी नगरपालिका

## सूचना ८

### स्काभेटर लगायत भारी उपकरण प्रयोगसम्बन्धी मापदण्ड, २०७५

नेपालको संबिधानका धारा २२६ बमोजिम जिरी नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानाकारीको लागि प्रकाशन गरिएको छ ।

जिरी नगरपालिका क्षेत्रभित्र ठूला मेशिनिरी उपकरण प्रयोग सम्बन्धि कार्यलाई व्यवस्थित गरि वातावरणिय सन्तुलन नविग्रने गरि विकास र वातावरण विच तादात्म्यता मिलाउन र जिरी दिगो विकासको अवधारणा अवलम्वन गरि वातावरणमैत्री विकास प्रकृया अवलम्वन गर्न बान्छनिय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरि जिरी नगरक्षेत्रमा स्थानीय ऐन सरह लागु हुँने गरि नगरसभाले यो मापदण्ड स्वीकृत गरि लागु गरिएको छ ।

नगरसभावाट स्वीकृत मिति २०७५।०३।११

नगरपालिकाको कार्यक्षेत्र भित्र स्काभेटर लगायत भारी उपकरण प्रयोग गर्ने सम्बन्धमा आर्थिक बर्ष २०७५/७६ को श्रावण १ गतेदेखि निम्नानुसार हुने गरी गर्नेः-

जिरी नगरपालिकाबाट हुने भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारको सिलसिलामा योजनाको सर्भे डिजाइन गरी सो योजनाको लागि नगरपालिकाको स्रोत परिचालनका लागि मोटमोटी रूपमा कुन-कुन काममा मेशिन उपकरणको प्रयोग गर्ने भन्ने बारेमा एकिन गर्न देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने ।

१. नगरपालिकाको पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख -संयोजक
२. नगरपालिकाको योजना तथा अनुगमन उपशाखा प्रमुख- सदस्य
३. सम्बन्धित योजनाका साइट इन्चार्ज- सदस्य- सचिव

क. प्राविधिक समितिले भारी मेशिन उपकरण प्रयोग गर्ने भनि एकिन गरेका कामको लगत इष्टिमेट र अन्य कामको लगत इष्टिमेट छुटाउन मिल्ने गरी प्रचलित नर्मस अनुसार तयार पारी सम्बन्धित योजनाको लगत इष्टिमेटलाई अन्तिम रूप दिने कार्य नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्ने । सो को स्वीकृति गर्ने कार्य प्रचलित कानूनले तोके अनुसार गर्ने ।

ख. मेशिन उपकरणको प्रयोग हुने गरी लगत इष्टिमेट तयार भै रहेको योजनाहरूको कम्तिमा इन्जिनियर तहबाट योजनास्थल निरिक्षण गरी त्यस्ता मेशिन उपकरणको प्रयोगलाई निर्धारित क्रियाकलापमा सिमित गर्ने व्यवस्था कार्यालयले मिलाउने । सो आधारमा समयमै सुधारात्मक उपाय अबलम्बन गर्ने ।

ग. नगरपालिकामा उपभोक्ता समिति, टोल विकास समिति वा निर्माण व्यवसायी मार्फत निर्माण वा मर्मत सम्भार भै रहेका पूर्वाधार विकासका कार्यहरूलाई दिगो, गुणस्तरीय र वातावरणमैत्री बनाउने कार्यमा नियमन गर्न प्राविधिक जाँच समूह बनाई एक आर्थिक बर्षमा कम्तीमा एक पटक प्राविधिक अनुगमन गर्ने ।

घ. नगरपालिकाले नियमित रूपमा आयोजना गर्ने समीक्षा बैठकमा प्राविधिक पक्षको छुट्टै प्रतिवेदन तयार पारी समीक्षा गर्ने र सुधारका उपाय अवलम्बन गर्दै जाने ।

ङ. निजी प्रयोजनको लागि निजी जग्गामा सडक खोल्ने, घडेरी खन्ने तथा निजी खर्च वा यो नगरपालिका बाहेक अन्य सरकारी वा गैर सरकारी क्षेत्रको बजेट उपयोग गरि निर्माण सुधारको काम गर्ने क्रममा पनि डोजर, एक्साभेटर जस्ता भारी उपकरण प्रयोग गर्नुपर्ने भए सो प्रयोग गर्नु अघि प्रयोगकर्ताले अनिवार्य रुपमा नगरपालिका कार्यालयबाट अनुमति लिनुपर्नेछ । अनुमतिको लागि दिने निवेदनको ढाचा अनुसूची १ बमोजिमको हुँनेछ । अनुमति लिए नलिएको एकिन गरेर मात्र त्यस्तो भारी मेशिन भाडामा वा अन्य कुनै उपायद्धारा प्रयोग गर्न दिनु सम्बन्धित मेशिन धनीको पनि हुँनेछ । विना अनुमति मेशिन चलाएको पाइएमा नगरकार्यपालिकाले निर्णय गरि प्रयोग गर्नेलाई पुगेको क्षति विचार गरि रु ५ हजार देखि ५० हजार सम्म जरिवाना गर्न सक्नेछ । मेशिन धनीलाई पहिलो पटक रु १ हजार र दास्रो पटक रु ३ हजार जरिवाना गर्न सकिनेछ । त्यसपछि पनि चलाएको पाइएमा नगरक्षेत्रमा चलाउन नगरकार्यपालिकाले निर्णय गरि प्रतिबन्ध लगाउन सक्नेछ ।

च. यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा वा कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा नगरकार्यपालिकाले निर्णय गरि उचित निकास दिन सक्नेछ ।

प्रमाणिकरण मिति २०७५।०३।२८

आज्ञाले,

चक्रपाणि शर्मा

प्रमुख प्रशासकिय अधिकृत

# अनुसूची १

## भारी मेशिन उपकरण प्रयोग गर्न अनुमति माग गरिदिने निवेदनको ढाचा

**श्री प्रमुख प्रशासकिय अधिकृतज्यु**

**जिरी नगरकार्यपाकिाको कार्यालय,**

**जिरी, दोलखा**

मलाई देहाय बमोजिम कार्य गर्न देहायको भारी उपकरण प्रयोग गनुपर्ने भएकोले अनुमतिको लागि नागरिकताको प्रमाणपत्रको प्रतिलिपी यसैसाथ संलग्न राखि यो निवेदन दिएको छु । अनुमति पाएको समयाबधि र कार्यभन्दा अन्य प्रयोजनको लागि उक्त मेशिन प्रयोग गर्ने छैन । गरेमा कानुन बमोजिम सजाय व्यहोर्न तयार छु ।

मेशिनको प्रकार

मेशिन नम्वर

मेशिन धनीको नाम र ठेगाना

मेशिन प्रयोग गरि निर्माण गरिने कार्य र प्रयोग गर्ने अबधि दिन/घण्टा

मेशिन प्रयोग गर्ने स्थान (टोल समेत खुलाउने)

**निवेदक**
नाम
ठेगाना
दस्तखत